नेपाल सरकार सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## मूल्य अभिवृद्धि करको पचास प्रतिशत रकम दाखिला सम्बन्धी सूचना ।

आर्थिक विधेयक, २०७६ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गरेको संशोधनको व्यवस्था साथै मूल्य अभिवृद्धि कर नियमावली,२०५३ मा भएको एक्काइसौं संशोधन मिति २०७६ जेठ १५ गतेबाट लागू भएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको एक्काइसौं संशोधनले नियम ६ख. पछि थपिएको नियम ६ग. मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने, यसरी राजस्व जम्मा गरिदिएको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउने व्यवस्था गरेकोले देहाय बमोजिम कार्यान्वयन गर्न/गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. ठेकेदार वा आपूर्तिकर्तालाई कर बीजक वापतको रकम भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षक (वस्तु विक्री र वितरण-३३११३, परामर्श तथा ठेक्का-३३११४, पर्यटन सेवा-३३११५ र संचार सेवा, वीमा, हवाइ उडान र अन्य सेवा-३३११६) मा दाखिला गर्नुपर्ने।

२. राजस्व जम्मा गरिदिएको जानकारी भुक्तानी गर्ने कार्यालयले सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने।

३. मू.अ.कर रकम दाखिला गर्दा सम्बन्धित ठेकेदार/आपूर्तिकर्ताको नाम, स्थायी लेखा नम्वर, राजस्व शीर्षक नम्वर, बैंक कोड नम्वर, ठेकेदार/आपूर्तिकर्ता दर्ता रहेको ठूला करदाता कार्यालय/मध्यमस्तरीय करदाता कार्यालय/ आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको कोड नम्वर स्पष्ट उल्लेख गरी प्रत्येक ठेकेदार/आपूर्तिकर्ताको छुट्टाछुट्टै बैंक भौचरबाट दाखिला गर्ने।

४. ठेकेदार/आपूर्तिकर्ता दर्ता रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयको जानकारी आन्तरिक राजस्व विभागको वेबसाइड www.ird.gov.np मा गई PAN Search बाट स्थायी लेखा नम्वर प्रविष्ट गरे पछि प्राप्त गर्न सकिने।